# ओमसतिया गाउँपालिका
Omsatiya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हाती फर्सातिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या :-/Ref. No. : ०६९/८०

चलानी नं. :-/Dispatch No.:

## व्यवसाय दर्ता तथा नवीकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

पहिलो पटक प्रकाशित मिति: २०८०/०१/०४

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ५८ तथा यस ओमसतिया गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०७६ को दफा ३ बमोजिम हालसम्म यस गाउँपालिकामा दर्ता नगरी संचालनमा रहेको कुनै पनि प्रकारको उद्योग, व्यवसाय, व्यापार, पेशा, व्यवसायिक फर्म,पेट्रोल पम्प,वित्तीय संस्था (बैंक ,फाईनान्स,लघुवित्त ,सहकारी) नीजि विद्यालय, रेडियो, एफ एम, पत्रपत्रिका ,ईटाभट्टा लगायतका व्यवसायिक कारोबार संचालन गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायका विवरण तथा कागजात संलग्न राखी गाउँपालिकाको कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको म्यादभित्र निवेदन पेश नगरी संचालन हुने व्यवसायलाई गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०७६ को दफा १५ को उपदफा (२) बमोजिम गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गरिने तथा उपदफा (३) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र पनि व्यवसाय दर्ता/ नवीकरण नगरी व्यवसाय संचालन गरेमा कार्यालयले व्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

**व्यवसाय दर्ताका लागि आवश्यक कागजातहरु:**

क) तोकिएको ढाँचामा निवेदन (अनुसूची-१),

ख) व्यवसाय संचालन हुने वडा कार्यालयको सिफारिस,

ग) वडा कार्यालयद्वारा तयार पारिएको स्थलगत सर्जमीन मुचुल्का र चारकिल्लाको सिफारिस,

घ) व्यवसायीको ना. प्र .प को प्रतिलिपि,

ङ) अर्को व्यक्तिको भवन भाडामा लिई व्यवसाय संचालन गर्ने भएमा सम्झौताको प्रतिलिपि,

च) घर भाडामा दिने व्यक्तिको ना. प्र. प को प्रतिलिपि,

छ) एकप्रति पासपोर्ट साईजको फोटो,

ज) व्यवसाय कर तिरेको रसिद,

झ) व्यवसाय गर्ने भवन रहेको स्थानको कि. नं देखिने जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि,

ञ) बैंक, वित्तीय संस्था, नीजि विद्यालय ,संघसंस्थाको हकमा कम्पनी दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, संस्थाको विनियम, शाखा खोल्ने अनुमति पत्र, पान नं को प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

बिपिन क्षेत्री

प्रमुख प्रशासकीय अधिकृत

**व्यवसाय नवीकरणका लागि आवश्यक कागजातहरु:**

क) तोकिएको ढाँचामा निवेदन (अनुसूची-१) ,

ख) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल,

ग) नवीकरण दस्तुर तिरेको रसिद,

घ) करचुक्ता प्रमाणपत्र ।

बिपिन क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत